मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
# साझाकुरा राष्ट्रिय दैनिक
www.sajhakuranews.com

**पिनासका लक्षणहरूः**

☞ नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
☞ आँखाको अगाडी र तलको भाग दुख्नु,
☞ नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
☞ विहानको समयमा टाउको बढी दुख्नु,
☞ सुँघ्ने शक्ति कमजोर हुनु,
☞ नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
☞ थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी ।

*लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### निर्माण कम्पनीलाई ठेक्का रकमको १० प्रतिशत हर्जाना
# फाखेल-मातातीर्थ सडक निर्माणकार्य सुस्त

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ हेटौंडा-काठमाडौँ जोड्ने छोटो दूरीको वैकल्पिक मार्गकारुपमा हेरिएको फाखेल-मातातीर्थ-सतुंगल सडक निर्माणले अपेक्षित गति लिन सकेको छैन ।

प्रादेशिक सडक गुरुयोजनामा समावेश यो सडक निर्माण सुरु भएको झण्डै सातवर्ष बितिसक्दा पनि अझै सम्पन्न हुन सकेको छैन । यस सडकको ट्र्याक खोल्ने काम तत्कालीन जिल्ला विकास समिति काठमाडौंबाट २०५५ सालमै सुरु गरिएको थियो । ट्र्याक खोल्न मात्रै झण्डै १२ वर्ष लाग्यो । ट्र्याक खुलेको करिब एक दशकपछि २०७६ जेठ १७ गते बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् सडक निर्माणकार्य सुरु गरिएको थियो । कुल १४ दशमलव ४ किलोमिटर सडक खण्डलाई मकवानपुर र काठमाडौँ गरी दुई भागमा विभाजन गरी छुट्टाछुट्टै निर्माण कम्पनीसँग ठेक्का सम्झौता गरिएको थियो ।



मकवानपुर खण्डअन्तर्गत महालक्ष्मीखोलादेखि चखेल-मकैबारीसम्म ६ दशमलव ३ किलोमिटर सडक निर्माणको जिम्मा पूर्वाधार विकास कार्यालय मकवानपुरमार्फत् सदाशिव हिमाल कन्स्ट्रक्सनले पाएको थियो । काठमाडौँ खण्डअन्तर्गत मकैबारीदेखि मातातीर्थसम्म ८ दशमलव १ किलो मिटर सडक निर्माणको जिम्मा पूर्वाधार विकास कार्यालय ललितपुर मार्फत् अमर कन्स्ट्रक्सनलाई दिइएको थियो । काठमाडौँ खण्डमा निर्माणकार्य अत्यन्तै सुस्त देखिएको छ । अमर कन्स्ट्रक्सनले २०७६ सालमा भ्याट सहित करिब २८ करोड रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । पटक-पटक गरी पाँच पटकसम्म म्याद थप्दा पनि निर्माण कम्पनीले काम सम्पन्न गर्न सकेको छैन ।

समयमै काम सम्पन्न नभएपछि प्रदेश सरकारले निर्माण कम्पनीलाई ठेक्का रकमको १० प्रतिशत हर्जाना लगाएको यातायात पूर्वाधार निर्देशनालयका प्रमुख नवीन सिंहले जानकारी दिए । यस खण्डको हालसम्म भौतिक प्रगति ६७ प्रतिशत र वित्तीय प्रगति ६६ दशमलव ०२ प्रतिशत रहेको छ । मकवानपुरतर्फको खण्डमा सदाशिव हिमाल कन्स्ट्रक्सनले २०८० जेठमा दुई वर्षभित्र काम सक्ने गरी करिब १८ करोड ४६ लाख रुपैयाँ लागतमा सम्झौता गरेको थियो । निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि आगामी जेठ २५ गतेसम्मका लागि एकवर्ष म्यादथप गरिएको थियो ।

यस खण्डमा हालसम्म भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ७२ दशमलव ३५ प्रतिशत रहेको पूर्वाधार विकास कार्यालय मकवानपुरले जनाएको छ । कार्यालयकाअनुसार सडक चौडाइ, सबबेस, कल्भर्ट, टेवा पर्खाल र नाली निर्माणका काम सम्पन्न भइसकेका छन् भने बेस ओछ्याउने काम ८० प्रतिशत पूरा भएको छ । हालसम्म करिब तीन किलोमिटर सडक कालोपत्रे तथा ढलान भइसकेको छ । बाँकी रहेको ३ दशमलव ३ किलोमिटर सडक आगामी वैशाखसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको कार्यालय प्रमुख ईन्जिनियर सुजन भण्डारीले बताएका छन् ।

महालक्ष्मी खोलादेखि काठमाडौँको कलंकीसम्म करिब २० किलोमिटर दूरी रहने यस सडक समयमै सम्पन्न हुन सकेमा काठमाडौं-हेटौंडा यात्रा छोटो र सहज हुने अपेक्षा गरिएको छ । प्रदेश राजधानी र संघीय राजधानी जोड्ने अन्य मार्गमध्ये यो सबैभन्दा छोटो दूरीको मार्ग मानिन्छ ।

हेटौंडाबाट कुलेखानीसम्म एउटै मार्ग प्रयोग गर्नुपर्ने हुन्छ । त्यसपछि सिस्नेरी-दक्षिणकाली, फाखेल-हुमाने-फर्पिङ र महालक्ष्मीखोला-मातातीर्थ गरी तीन विकल्पमध्ये यो मार्ग सबैभन्दा छोटो रहेको छ । चखेलक्षेत्र तरकारी पकेटक्षेत्रकारुपमा विकास भइरहेकाले यहाँ उत्पादित तरकारी काठमाडौँको कालिमाटीसम्म सहजरुपमा ढुवानी गर्न तथा आवतजावतलाई थप सहज बनाउन यो सडक महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

# थाहामा शीत भण्डार संचालनको तयारी



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ मकवानपुरको थाहा नगरपालिकामा झण्डै २५ करोड लागतमा निर्माण गरिएको शीत भण्डार (कोल्ड स्टोर) संचालनमा ल्याउने तयारी भएको छ । नगरपालिका कार्यालय शीत भण्डार संचालनका लागि कार्यविधि बनाउन जुटेको छ ।

थाहा नगरपालिका-३ घर्तीखोलास्थित सार्वजनिक जमिनमा निर्माण गरिएको शीत भण्डारलाई चालु आर्थिक वर्षभित्रै संचालन गर्ने तयारी भइरहेको हो । शीत भण्डारमा आवश्यक उपकरण जडान भइसकेकाले कार्यविधि बनाएर छिट्टै संचालनमा ल्याउने तयारी भइरहेको थाहा नगरप्रमुख विष्णु विष्टले बताए । बागमती प्रदेश सरकार, स्थानीय तह र सहकारीको संयुक्त लगानीमा शीत भण्डार निर्माण गरिएको हो । २०७४/७५ देखि निर्माण सुरु गरिएको शीत भण्डारमा प्रदेश सरकारले ७० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत र पालुङका सहकारीले १५ प्रतिशत रकम लगानी गरेका छन् ।

२५ करोड रुपैयाँको लागतमा निर्माण गरिएको शीत भण्डारका लागि प्रदेश सरकारले पटक/पटक गरेर १७ करोड ५० लाख, थाहा नगरपालिका र स्थानीय सहकारीले ७ करोड ५० रुपैयाँ लगानी गरेका छन् । दुई हजार मेट्रिकटन क्षमताको शीत भण्डारमा आलु, मुला, काउली, बन्दाकोभी, खुर्सानी, गोलभेडालगायत तरकारी राख्न सकिन्छ । सुरुमा करिब साढे ११ करोडको लगानीमा शीत भण्डार निर्माण गर्ने अनुमानित लागत रहेको थियो । पछि डिजाइन परिवर्तन गरेर लागत बढ्न गएको बागमती प्रदेशका कृषि मन्त्रालयका सूचनाअधिकारी सुजन कँडेलले भने, 'पहिला आलुमात्र राख्ने सोचेर डिजाइन गरिएको थियो, पछि त्यसलाई परिवर्तन गरी तरकारी र फलफूल राख्न मिल्ने बनाएका छौं ।'

शीत भण्डारको अभावमा यसक्षेत्रका कृषकले तरकारी र फलफूल उत्पादन भएकै बेला बेच्दै आएका छन् । शीत भण्डार संचालनमा आए सिजनमा उत्पादन भएको तरकारीलाई त्यहाँ राखेर बजारमा अभाव भएका बेला बेच्न सके राम्रो भाउ पाइने स्थानीय किसानको आशा छ । मकवानपुरको उत्तरीक्षेत्रका कोल्डस्टोर अत्यन्त आवश्यक परेकाले प्रदेश सरकार, सहकारी र थाहा नगरपालिकाको संयुक्त लगानीका निर्माणकार्य सुरु गरिएको नगरप्रमुख विष्टले बताए । १० रोपनी क्षेत्रफलमा शीत भण्डार निर्माण गरिएको छ ।

मकवानपुरको उत्तरीक्षेत्र थाहा नगरपालिका आसपासबाट बीउको आलुमात्र २० हजार बोरा काठमाडौंका कोल्डस्टोरमा भण्डारण गरिँदै आएको थियो । यसवर्ष ढुवानीसहित किसानले आफ्नो बीउआलु प्रतिबोरा ८ सय रुपैयाँका दरले तिर्नु परेको छ । हेटौंडामा निजीक्षेत्रबाट संचालित एउटा शीत भण्डार छ । बागमती प्रदेश सरकारले उपत्यकाबाहेक १० वटा जिल्लामा शीत भण्डारको निर्माणकार्य गरेको छ । तर, र सुवामा निर्माण गरेको शीत भण्डार बाहेक अरु संचालनमा आउन सकेका छैनन् । प्रदेश सरकारबाट निर्माण गरिएका शीत भण्डार अहिलेसम्म एउटा पनि हस्तान्तरण भएका छैनन् ।

# निर्माण उद्योग संकटमा, 'आपतकाल' घोषणा गर्न माग



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ निर्माण व्यवसायी संघ मकवानपुरले इन्धनजन्य सामग्री तथा निर्माण सामग्रीमा भइरहेको अत्यधिक मूल्यवृद्धिका कारण निर्माण उद्योग ठप्प हुने अवस्थामा पुगेको भन्दै उद्योगमा 'आपतकाल' घोषणा गर्न सरकारसँग माग गरेको छ ।

संघको प्रेस विज्ञप्ति जारी गर्दै मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, पेट्रोल, मट्टितेल लगायत ईन्धनजन्य सामग्रीमा पटकपटक भइरहेको अप्रत्याशित मूल्यवृद्धिले निर्माणक्षेत्र गम्भीर संकटमा परेको जनाएको हो । संघका महासचिव राजेन्द्रप्रसाद चौलागाईद्वारा हस्ताक्षरित विज्ञप्तिमा इन्धनसँगै बिटुमिन, सिमेन्ट, डण्डी लगायत निर्माणकार्यमा व्यापक प्रयोग हुने सामग्रीमा समेत निरन्तर मूल्यवृद्धि भइरहेको र बजारमा अभाव देखिन थालेकाले निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको उल्लेख गरिएको छ । क्रसर उद्योगमा देखिएको समस्याले पनि निर्माणक्षेत्र थप प्रभावित भएको जनाएको छ ।

निर्माण उद्योगको यस्तो विषम अवस्थाबारे नेपाल निर्माण व्यवसायी महासंघले पटकपटक सरकार तथा सम्बन्धित निकायको ध्यानाकर्षण गराए पनि हालसम्म समस्या समाधान हुने गरी कुनै ठोस निर्णय नभएको संघको भनाइ छ ।

राष्ट्र बैंकको मूल्य सूचकांकका आधारमा ठेक्काको मूल्य समायोजन हुने व्यवस्था भएपनि व्यवहारमा निर्माण सामग्रीको मूल्यवृद्धि समेट्न नसकेको संघको गुनासो छ । यसले गर्दा व्यवसायी थप मारमा परेको उल्लेख गरिएको छ । विज्ञप्तिमा निर्माण व्यवसायीले भोग्नुपरेका समस्या हल गर्न सरकार अग्रसर हुनुपर्ने उल्लेख गरिएको छ ।

संघले निर्माणकार्य तीव्रहुने यही समयमा इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धि र अभावले व्यवसायीलाई ठूलो आर्थिक भार परेको उल्लेख गर्दै निर्माण उद्योगमा तत्काल 'आपतकाल' घोषणा गरी राहत उपलब्ध गराउन सरकारसँग जोडदार माग गरेको छ । प्रत्येक आयोजनामा वास्तविक मूल्यवृद्धिअनुसार हालको कानुनी व्यवस्थाबाट मूल्य समायोजन हुन नसक्ने भएकाले मूल्य समायोजन मार्गदर्शिका-२ तत्काल जारी गर्न र सबै अवधिका ठेक्कामा मूल्य समायोजनको व्यवस्था लागू गर्न पनि संघले सरकारसमक्ष अपिल गरेको छ ।

### 'काममा ढिलासुस्ती भए ब्ल्याक लिस्टमा राखिने' चेतावनी
# गृहमन्त्री गुरुङद्वारा नागढुंगा-मुग्लिङ सडक अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ गृहमन्त्री सुधन गुरुङले राष्ट्रिय गौरवको आयोजनाकारुपमा रहेको नागढुंगा-मुग्लिङ सडक सुधार आयोजनाको स्थलगत अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा उनले निर्माणकार्यमा ढिलासुस्ती गर्ने र गुणस्तरहीन काम गर्ने निर्माण व्यवसायीलाई कडा कारबाही गर्ने चेतावनी दिए । गृहमन्त्री गुरुङले आयोजनाको नौबिसे-मलेखु र मलेखु-मुग्लिङ खण्डको वस्तुस्थितिबारे विस्तृत जानकारी लिएका थिए । उनले निर्माण व्यवसायीलाई निर्धारित समयमै र उच्चगुणस्तरका साथ काम सम्पन्न गर्न निर्देशन दिए । आयोजनाले गृहमन्त्रीसमक्ष पेश गरेको प्रतिवेदनमा निर्माण सामग्रीको अभावलाई मुख्य समस्याकारुपमा औंल्याइएको छ ।

विशेषगरी नदीजन्य र खानीजन्य सामग्री उत्खननमा देखिएका कानूनी र प्रशासनिक जटिलताका कारण काममा ढिलाइ भएको उल्लेख छ । नदीजन्य सामग्री (ढुंगा, गिट्टी, बालुवा) उत्खननमा स्थानीय तहको अवरोध रहेको छ । विगतमा क्रसर उद्योग बन्द हुँदा निर्माण सामग्रीको आपूर्तिमा परेको गम्भीर असर, विभिन्न स्थानीय तहले लिने दोहोरो कर प्रणाली र राजश्व दरमा एकरुपताको अभाव, एक पालिकाबाट अर्को पालिकामा सामग्री ढुवानी गर्दा हुने प्रशासनिक झन्झट, खानी उत्खननका लागि आवश्यक वातावरणीय प्रभाव मूल्यांकन र स्वीकृतिको ढिलाइ, आयोजनाले नयाँ सरकारसँग विभिन्न स्थान जस्तैः बेल्खुबगर, घाटबेसी बगर र मलेखु-लामबगरबाट आवश्यक परिमाणमा निर्माण सामग्री उपलब्ध गराइदिन र ढुवानीमा सहजीकरण गरिदिन माग गरेको छ ।

मन्त्री गुरुङले भने, 'काममा कुनैपनि बहानामा ढिलासुस्ती सह्य हुनेछैन । यदि सम्झौता अनुसार काम भएन र गुणस्तरमा सम्झौता गरियो भने त्यस्ता कम्पनीलाई तत्काल ब्ल्याक लिस्ट (कालोसूची) मा राखेर कारबाही प्रक्रिया अगाडि बढाइनेछ ।' गृहमन्त्री गुरुङले यी समस्या समाधानका लागि सरकारले अन्तरमन्त्रालय समन्वय गरी आवश्यक सहजीकरण गर्ने आश्वासन दिए । उनले विकास निर्माणकार्यमा हुने राजनीतिक हस्तक्षेप र प्रशासनिक झन्झटलाई चिर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

**नयाँ वर्ष विशेष कार्यक्रम-२०८३**

- नयाँ वर्षको स्वागत - विशेष साँझ
- DJ Dance – रमाइलो माहोल
- विशेष Snacks & Dinner Buffet

मितिः२०८२/१२/३०
समयः बेलुका ६:०० बजेबाट

**Snacks Stall:**
- भटमास साँदेको
- Veg Momo/ Chicken Momo
- Mustang Aalu
- Mushroom Crispy
- चिउरा भुटेको
- Chicken Taas/Pork Taas
- Pani Puri Stall

**Dinner Buffet:**
- Veg Biryani with Raita,
- Chicken Biryani with Raita
- Drinks as per MRP
- Complimentary 250ml Cold Drink

*आउनुहोस् परिवार र साथीहरूसँग नयाँ वर्षको रमाइलो गरौँ*

**Avaocado And Orchid Resort Pvt.Ltd. Hetauda**
सम्पर्कः ९८५५०७७०८१ ०५७-५२०२३५, ५२०६११



साझाकुरा

## हाम्रो कुरा

# चुनौतीमा औद्योगिक क्षेत्र

उद्योग कलकारखाना देशका मेरुदण्ड हुन् । गएको साता उद्योग संघ मकवानपुर र सीएनआइको साधारणसभा हेटौंडामा भएको छ । दुबै संस्थाको नयाँ नेतृत्व पनि चयन भएको छ । औद्योगिक प्रतिष्ठानका समस्यामा राज्य उदाशिन देखिएका कारण लगानीकर्ता पलायनको बाटोमा छन् । अमेरिकी सरकारले सहयोग गरेर निर्माण भएको हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योग थपिन सकेको छैन । हेटौंडा औद्योगिक क्षेत्रमा कम्पाउण्ड वाल निर्माण हुन नसक्दा निजीक्षेत्रको अर्बौं रुपैयाँको लगानी शान्तिसुरक्षाको दृष्ट्रिले जोखिममा रहेको छ । अमेरिकी सरकारको सहयोगमा ६१ वर्षअघि निर्माण गरिएको औद्योगिक क्षेत्रको पर्खाल निर्माण हुन सकेको छैन । औद्योगिक क्षेत्रको बीचबाट मकवानपुरको पूर्वीक्षेत्रमा जाने सडकमा वर्षौंदेखि निर्वाध सवारी सञ्चालनमा छ । औद्योगिक क्षेत्रको छेवैमा रहेको राजमार्गमा दैनिक हजारौं सवारी साधन गुडिरहेका हुन्छन् । २५ मिटर सडक विस्तार अलमलको कारण हेटौंडामा रहेको औद्योगिक क्षेत्रमा निर्माण गरिने भनिएको वाल निर्माण अलमलमा परेको छ ।

औद्योगिक क्षेत्रमा रहेको उद्योगलाई सुरक्षा दिन औद्योगिक क्षेत्रको चारैतिर ६ किलोमिटर कम्पाउण्ड वाल लगाउनु जरुरी छ । उद्योगीले औद्योगिक क्षेत्रभित्रको सार्बजनिक बाटो बन्द गर्न माग गर्न भने छोडेका छैनन् । पूरानो ईतिहास बोकेको हेटौंडा औद्योगिक क्षेत्रमा रहेका १५ भन्दा बढी उद्योग पनि ऐतिहासिक नै छन् । जीर्ण भएका त्यस्ता भवन जुन धराप थापेझैं अवस्थामा छन् । हेटौंडा औद्योगिक क्षेत्रमा रहेका औद्योगिक प्रतिष्ठानमा सुरक्षाको सामान्य उपायहरु पनि अपनाईएको छैन । हेटौंडा औद्योगिक क्षेत्रको मध्यभागबाट निस्कने सडक कुनै राजमार्ग भन्दा कम व्यस्त छैन । विना रोकतोक सार्वजानिक सवारी निर्वाध आवत/जावत गर्ने कारणले असुरक्षा महशुस भएको छ । हेटौंडा औद्योगिक क्षेत्र एउटा खुल्ला गौचरणभन्दामाथी उठ्न नसकेको गुनासो लगानीकर्ताले गरिरहेका छन् । गर्मी मौसममा हावाहुरीसँगै आगलागी पनि हुन सक्छ । तर, यत्रो ठूलो औद्योगिक क्षेत्रमा एउटा पनि बारुणयन्त्र छैन । औद्योगिक क्षेत्रभित्र अत्याधुनिक बारुणयन्त्र हुनुपर्ने संघले जनाएको छ । चुरियामाईको जंगल र औद्योगिक क्षेत्रको सीमाना जोडिएको छ । आगलागीमात्र हेटौंडा औद्योगिक क्षेत्रको समस्या भने होइन । चुनौतीका चाङबाट गुज्रदै गरेको औद्योगिक क्षेत्रमा सुधार नगर्ने हो भने हेटौंडामा लगानी भित्राउने सपना भाषणमा मात्र सीमित बन्ने लगानीकर्ताको आरोप छ । क्षेत्रफलको हिसाबले हेटौंडा औद्योगिक क्षेत्र देशकै ठुलो औद्योगिक क्षेत्र हो । २०२० सालमा अमेरिकी सरकारको सहयोगमा स्थापना भएका यो औद्योगिक क्षेत्रमा १ सय ४३ उद्योग सञ्चालनमा रहेका छन् । ७ वटा उद्योग बन्द अवस्थामा रहेका छन् । बन्द उद्योगले २ सय ५५ रोपनी जग्गा ओगटेका छन् । कोभिड-१९ महामारी तथा आर्थिक मन्दीको कारण देशको अन्यक्षेत्र जस्तै हेटौंडा औद्योगिक क्षेत्रका उद्योगहरु शिथिल भएका छन् ।

कतिपय उद्योग भने सरकारी ऐन, नियम, कानुनको कारण समस्या झेल्न बाध्य भएका छन् । बन्द भएका उद्योगलाई पत्राचार गरेर उद्योग सञ्चालनको वातावरण बनाउने, उद्योगीको गुनासो सुन्नेलगायत कार्य भइरहेको औद्योगिक क्षेत्र ब्यवस्थापन कार्यालयले जनाएको छ । सरकार परिवर्तन भएपिच्छे औद्योगिक नीति परिवर्तन हुँदा पनि उद्योगलाई संकटको अवस्था देखापरेको छ । सरकारले दुरगामी महत्व राख्ने औद्योगिक नीति बनाउनुपर्ने उद्योगीको भनाई छ । देशकै मध्यभागमा रहेको हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योग आउनेक्रम बढेको छ । तर, औद्योगिक क्षेत्र ब्यवस्थापन कार्यालयले नयाँ आउने उद्योगलाई सहज रुपमा जग्गा भने उपलब्ध गराउन सकेका छैन । हेटौंडा औद्योगिक क्षेत्रका उद्योगले वार्षिकरुपमा कच्चापदार्थको आयातमा लाग्ने भन्सार महशुल, उत्पादित बस्तु बिक्रीमा लाग्ने भ्याट, अन्तशुल्कलगायत शीर्षकमा वार्षिक १३ अर्ब रुपैयाँ राजश्व तिर्दै आएका छन् । यो साना करदाताको सूचीमा रहेका औद्योगिक प्रतिष्ठानको बिवरण भएको बताइएको छ । ठूला करदाताको सूचीमा रहेका करदाताले तिरेको राजश्व यसमा समाबेश नभएको उद्योग संघले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ३९ गते सोमबार १३ अप्रिल २०२६ । एकादशी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:४४ सूर्यास्त ६:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदर-विकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# दलगत विद्यार्थी संगठन खारेजीले विश्वविद्यालय सुध्रिन्छ ?



✍ सुरज सेजुवाल

विश्वविद्यालय सुधारको वास्तविक प्रश्न एउटा मात्र हो हामी विश्वविद्यालय सुधार गर्न चाहन्छौं कि विश्वविद्यालयको एउटा संरचना मात्र हटाउन चाहन्छौं ? यही प्रश्नको उत्तरले विश्वविद्यालय सुधारको वास्तविक दिशा तय गर्नेछ र त्यो उत्तर संविधान, कानून र लोकतान्त्रिक मूल्यको कसीमा जाँचिनु आवश्यक छ ।

सरकारले स्वकीकृत गरेको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर ८६ मा दलीय विद्यार्थी संगठनका संरचनाहरू हटाई ९० दिनभित्र स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट बनाउने भनिएको छ । शिक्षा क्षेत्रमा देखिएको दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज प्रतिनिधित्व हुन नसकेको अवस्था तथा शैक्षिक गुणस्तरमा आएको गिरावटको समस्या समाधान गर्न यस्तो गर्न लागिएको उल्लेख छ । योसँगै विश्वविद्यालय सुधारको बहस विद्यार्थी संगठन रहने कि हटाउने भन्नेतर्फ केन्द्रित देखिन्छ ।

विश्वविद्यालय सुधारको वास्तविक प्रश्न विद्यार्थी संगठनको अस्तित्व होइन विश्वविद्यालयको संरचना, प्रशासनिक स्वायत्तता, प्रतिनिधित्व प्रणाली र संवैधानिक अधिकारसँग सम्बन्धित विषय हो । सबैभन्दा पहिले स्पष्ट रूपमा भन्नुपर्ने कुरा के हो भने विश्वविद्यालयमा दलीय हस्तक्षेप बन्द गर्नुपर्छ भन्ने विषयमा विमति छैन र यो सहमति न्यायोचित पनि छ ।

विश्वविद्यालय राजनीतिक भर्ती केन्द्र बन्नुहुँदैन । तर दलआवद्ध विद्यार्थी संघ-संगठनले गर्दा मात्र विश्वविद्यालय बिग्रियो भन्ने निष्कर्ष अर्धसत्य मात्र हो । विश्वविद्यालय सुधारको बहसलाई विद्यार्थी संगठन हटाउने विषयमा सीमित गर्नु वास्तविक संरचनात्मक प्रश्नलाई विषयान्तर गर्नु जस्तै हुन सक्छ ।

पछिल्लो समय नेपाल विद्यार्थी संघ लगायत संघ-संगठनले आफ्नो संरचना, भूमिका र दलीय सम्बन्धबारे आत्मसमीक्षा गर्दै कार्यगत स्वायत्तता, उत्तरदायित्व र संस्थागत सुधारको प्रस्ताव अघि सारिसकेको छ । विद्यार्थी संगठन दलको अधीनस्थ संरचना होइन आफ्नै नीति, स्वायत्तता र विद्यार्थी हितको आधारमा सञ्चालन हुने साझेदारी संस्थाका रूपमा रूपान्तरण हुनुपर्छ भन्ने धारणा पनि स्थापित भइसकेको छ । यसको अर्थ विद्यार्थी संगठनहरू स्वयं पनि सुधारको पक्षमा छन् ।

### विश्वविद्यालयको स्थायी संरचना विद्यार्थी कि प्रशासन ?

विश्वविद्यालय सुधारको बहसमा एउटा महत्त्वपूर्ण संरचनात्मक प्रश्न के हो भने विश्वविद्यालयको स्थायी संरचना को हो ? विद्यार्थीहरू विश्वविद्यालयको स्थायी संरचना होइनन् । एक विद्यार्थी औसतमा बढीमा चार देखि ६ वर्षसम्म विश्वविद्यालयमा बस्छ ।

सेमेस्टर प्रणाली लागू भएपश्चात् एकै संकायमा दोहोर्‍याएर भर्ना गर्न सकिने व्यवस्था पनि छैन, पहिले जस्तो विद्यार्थी राजनीति गर्न वा स्ववियुको निर्वाचन लड्न विद्यार्थीहरू क्याम्पसमै रूँगेर बस्ने गलत अभ्यास बन्द भइसकेको छ तर विश्वविद्यालयका कर्मचारी, प्राध्यापक र प्रशासनिक संरचना पच्चीस-तीस वर्षसम्म त्यही संस्थामा रहन्छन् ।

विश्वविद्यालयको प्रशासनिक संस्कृति, नीति, निर्णय प्रक्रिया, पदाधिकारी नियुक्ति प्रणाली, शैक्षिक क्यालेन्डर र संस्थागत चरित्र निर्माण गर्ने स्थायी तत्व विद्यार्थी होइनन् विश्वविद्यालयका कर्मचारी, प्राध्यापक र प्रशासनिक संरचना हुन् । त्यसैले स्वाभाविक प्रश्न उठ्छ विश्वविद्यालयमा समस्या छ भने त्यसको मूल कारण अस्थायी संरचना (विद्यार्थी) हो कि स्थायी संरचना (प्रशासन, प्राध्यापक, कर्मचारी) ? कारण र समस्याको वास्तविक सम्बन्ध स्थापित नगरी गरिएको कुनै पनि नीतिगत हस्तक्षेपको तर्कसंगत आधार नै कमजोर हुन जान्छ ।

नेपालका विश्वविद्यालय र क्याम्पसहरूमा केवल दलीय विद्यार्थी संगठन मात्र छैनन् । विश्वविद्यालयभित्र शिक्षक संघ, कर्मचारी संघ, प्राध्यापक संघ, विभिन्न पेशागत संगठन, सांस्कृतिक तथा साहित्यिक संगठन, सामुदायिक, अध्ययन समूह र वैचारिक समूह जस्ता विभिन्न संघसंस्था क्रियाशील छन् । यीमध्ये धेरै संघसंस्था प्रत्यक्ष रूपमा राजनीतिक दलसँग आबद्ध नभए पनि निश्चित विचार, दर्शन वा सिद्धान्तमा आधारित हुन्छन् । लोकतान्त्रिक समाजमा विचार, संगठन र बहसलाई पूर्ण रूपमा अलग गर्न सम्भव पनि छैन र आवश्यक पनि छैन । त्यसैले केवल दलीय विद्यार्थी संगठनको संरचना हटाएपछि विश्वविद्यालय स्वत: सुधार हुन्छ भन्ने निष्कर्ष न नीतिगत रूपमा न प्रशासनिक रूपमा, न संरचनात्मक रूपमा कुनै पनि दृष्टिले तर्कसंगत देखिँदैन ।

### स्ववियु निर्वाचन प्रणालीको यथार्थ

विश्वविद्यालयमा हुने स्ववियु निर्वाचन प्रणाली पूर्ण रूपमा दलीय अधीनमा रहेको प्रणाली होइन । यो तथ्य नीतिनिर्माताले स्वीकार गर्नुपर्छ । स्ववियुमा निर्वाचन लड्न २८ वर्ष उमेर हद तोकिएको छ । स्ववियुमा दलीय संघ-संगठन मात्र होइन, स्वतन्त्र समूहले समेत चुनावमा प्रतिस्पर्धा गर्न पाउँछन् ।

विद्यार्थीले दलगत आवद्ध विद्यार्थी संगठनको झण्डा वा चिह्नमा मतदान गर्दैनन् । प्रत्यक्षतर्फ उम्मेदवारको नाममा र समानुपातिकतर्फ संघसंगठन वा स्वतन्त्र समूहलाई मतदान गर्छन् । हाल अभ्यासमा रहेको स्ववियु निर्वाचन प्रणाली यसर्थ मिश्रित प्रतिनिधित्व प्रणाली हो, पूर्ण रूपमा पार्टी नियन्त्रणको प्रणाली होइन । विश्वविद्यालय ऐन र नियमावली अनुसार निर्वाचित स्ववियुको कार्यकाल समाप्त भएको छैन भने, कार्यकाल समाप्त हुनुअगावै नयाँ स्टुडेन्ट काउन्सिल लागू गर्ने विषय तीनवटा स्थापित कानूनी सिद्धान्तसँग जोडिन्छ ।

कानून शासनको सिद्धान्तले कानूनी संरचना र प्रक्रियाको पालना अनिवार्य भन्छ । लोकतान्त्रिक म्यान्डेटले निर्वाचित जनप्रतिनिधि वा विद्यार्थी प्रतिनिधिको कार्यकालमा मध्यवर्ती हस्तक्षेप गर्नुले लोकतान्त्रिक वैधताको प्रश्न उठाउँछ । लेजिटीमेट एक्सपेक्स्टेसनको सिद्धान्त अनुसार जुन सिद्धान्त नेपालको सर्वोच्च अदालतले पनि विभिन्न मुद्दामा स्वीकार गरिसकेको छ कानूनी प्रक्रियाद्वारा निर्वाचित निकायको सदस्यहरूलाई आफ्नो कार्यकाल पूरा गर्ने अपेक्षाको संरक्षण हुनुपर्छ ।

यी तीनवटा सिद्धान्तको उल्लंघन हुने गरी कुनै पनि कार्यकारी निर्देशन वा नीति बनाउनु भनेको अधिकार क्षेत्र भन्दा बाहिर जानु हो । जसलाई अधिकार क्षेत्र विहीनताको सिद्धान्त पनि भनिन्छ ।

### विद्यार्थी संगठन प्रतिबन्धको प्रश्न

नेपालको संविधान, २०७२ को धारा १७ ले नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता र संघ तथा संस्था खोल्ने स्वतन्त्रता प्रत्याभूत गर्दछ । धारा १८ ले कानूनको समान संरक्षण र भेदभावरहित व्यवहारको हक सुनिश्चित गर्दछ । संविधानको धारा ४६ ले संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ, जसअनुसार मौलिक हकको उल्लंघन भएमा सर्वोच्च अदालतमा रिट निवेदन गर्ने अधिकार प्रत्येक नागरिकलाई छ ।

विश्वविद्यालय सार्वजनिक संस्था भएकाले मौलिक हक त्यहाँ पूर्ण रूपमा लागू हुन्छन् । त्यसैले विश्वविद्यालय परिसरभित्र संघसंस्था खोल्न, संगठन गर्न र विचार व्यक्त गर्न नपाउने व्यवस्था गरियो भने त्यो सिधै संवैधानिक बहसको विषय बन्न सक्छ ।

नेपाल मानवअधिकारको विश्वव्यापी घोषणापत्र (युडीएचआर) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर) पक्ष राष्ट्र हो । युडीएचआरको धारा १९ र आईसीसीपीआर को धारा १९ ले अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्दछन् । युडीएचआरको धारा २० र आईसीसीपीआर को धारा २२ ले संघसंस्था गठन गर्ने स्वतन्त्रता प्रत्याभूत गर्दछन् । आईसीसीपीआरको धारा २१ ले शान्तिपूर्ण भेला हुने अधिकार संरक्षण गर्दछ ।

### स्टुडेन्ट काउन्सिलको वैधता

नेपालमा अभ्यासमा रहेको स्टुडेन्ट काउन्सिल प्राय: शैक्षिक संस्थाहरूको प्रशासनको प्रभावमा सञ्चालन हुने गरेको पाइन्छ । धेरै विद्यालय तथा कलेजहरूमा यसको गठन प्रक्रिया पूर्ण रूपमा स्वतन्त्र र लोकतान्त्रिक हुँदैन, किनकि सदस्यहरू प्राय: प्रशासनद्वारा मनोनयन गरिन्छन् वा सीमित सहभागिता सहित चयन गरिन्छन् ।

यसले विद्यार्थीलाई स्वतन्त्र रूपमा संगठन निर्माण गर्ने, आफ्ना विचार खुला रूपमा व्यक्त गर्ने वा आफ्नो हकहितका लागि आन्दोलन गर्ने अवसर कम बनाउँछ । यस्ता काउन्सिलहरू कार्यक्रम सञ्चालन, औपचारिक गतिविधि व्यवस्थापन तथा प्रशासनलाई सल्लाह दिने भूमिकामा सीमित रहने हुँदा विद्यार्थीको वास्तविक प्रतिनिधित्व र सशक्त सहभागिता सुनिश्चित हुन सक्दैन, जसले यसको मूल उद्देश्य कमजोर बनाउँछ ।

यदि यस्तो संरचना बनाइयो भने, त्यो वास्तविक विद्यार्थी प्रतिनिधित्व नभई प्रशासनिक समिति मात्र हुनेछ । कानूनी दृष्टिबाट हेर्दा, यसलाई विद्यार्थी प्रतिनिधित्व भनेर प्रस्तुत गर्नु लोकतान्त्रिक मूल्यमान्यता विपरीतको प्रतिनिधित्व मानिन्छ । प्रतिनिधित्व भन्नाले निर्वाचन, स्वायत्तता र जवाफदेहिता जस्ता आधारभूत तत्वहरू अनिवार्य हुन्छन् ।

मानिस विचारविहीन हुन सक्दैन, र विद्यार्थी प्रतिनिधि भनेको विचार, नीति, दृष्टिकोण र कार्यक्रम बोकेको व्यक्ति नै हो । त्यसैले गैरराजनीतिक विद्यार्थी प्रतिनिधित्व पूर्ण रूपमा सम्भव छैन मूल प्रश्न राजनीति हटाउने होइन र जवाफदेहिता बढाउने हो । विश्वविद्यालय सुधारको प्रश्न विद्यार्थी संगठन रहने कि हटाउने भन्ने होइन । मूल प्रश्न तीनवटा छन् विद्यार्थीको वास्तविक र संवैधानिक रूपमा प्रतिनिधित्व कसरी स्थापित गर्ने, विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपबाट लिगल्ली इन्सुलेटेड कसरी गर्ने, र विश्वविद्यालय प्रशासनलाई कसरी स्वायत्त, पारदर्शी र उत्तरदायी बनाउने ।

विश्वविद्यालयमा राजनीतिक भर्ती केन्द्र पनि हुनुहुँदैन तर विश्वविद्यालयमा विद्यार्थी प्रतिनिधित्व शून्य पनि बनाइनुहुँदैन । संविधानले प्रत्याभूत गरेको संगठन स्वतन्त्रतालाई 'एडमिनिस्ट्रेटिभ अर्डर' ले खारेज गर्न सकिँदैन । समाधान प्रतिबन्ध होइन संस्थागत सुधार, वैधानिक स्वायत्तता, उत्तरदायित्व र कानूनी शासनमा आधारित लोकतान्त्रिक प्रतिनिधित्व प्रणालीको सुधार हो ।

विश्वविद्यालय सुधारको वास्तविक प्रश्न एउटा मात्र हो हामी विश्वविद्यालय सुधार गर्न चाहन्छौं कि विश्वविद्यालयको एउटा संरचना मात्र हटाउन चाहन्छौं? यही प्रश्नको उत्तरले विश्वविद्यालय सुधारको वास्तविक दिशा तय गर्नेछ र त्यो उत्तर संविधान, कानून र लोकतान्त्रिक मूल्यको कसीमा जाँचिनु आवश्यक छ ।

(साभार: अनलाइनखबर)

# शिक्षामा सुधार: नक्कल होइन, सन्दर्भअनुकूल रूपान्तरण आवश्यक



✍ एन्जिला भट्ट नेपाल

देशले नयाँ गति लिइरहेको देख्दा म अत्यन्तै खुसी छु । विकासका विभिन्न आयामहरूमा परिवर्तनका संकेतहरू देखिन थालेका छन् । तर नेतृत्वमा रहेका व्यक्तिहरूले नीति निर्माण गर्दा केवल आफ्नो वरिपरि सीमित दृष्टिकोण राख्नु हुँदैन । विशेषगरी शिक्षाजस्तो संवेदनशील क्षेत्रमा निर्णय गर्दा देशको वास्तविक अवस्था, विविधता र तयारीलाई गहिरो रूपमा बुझ्नु अत्यन्त आवश्यक हुन्छ । नीति कागजमा राम्रो देखिनु मात्र पर्याप्त हुँदैन, त्यसले व्यवहारमा पनि काम गर्नुपर्दछ । अहिले कक्षा पाँचसम्मका बालबालिकालाई परीक्षा नलिने, होमवर्क नदिने जस्ता नीतिहरूको चर्चा भइरहेको छ ।

यी अवधारणाहरू केही विकसित देशहरूमा सफल अभ्यासका रूपमा लागू भएका हुन सक्छन् । तर हामीले सिधै त्यही मोडल नक्कल गर्नु भन्दा पहिले एउटा महत्वपूर्ण प्रश्न सोध्नुपर्छ: के हामी त्यसका लागि तयार छौं ? सन्दर्भ नबुझी गरिने सुधारह सुधार होइन जोखिममा परिणत हुनसक्छ । मेरो आफ्नै कक्षाको अनुभवले मलाई बारम्बार एउटा कुरा सम्झाइरहन्छ: हाम्रो समाजको यथार्थ फरक छ । धेरै अभिभावकहरू आफ्नो दैनिक जीविकोपार्जनमै व्यस्त हुनुहुन्छ । कतिपय अभिभावकसँग आफ्ना बालबालिकासँग बसेर पढाउने समय मात्र होइन, त्यसका लागि आवश्यक आधारभूत जानकारी पनि हुँदैन । अझ ग्रामीण र दूरदराजका क्षेत्रमा त यो अवस्था झन् स्पष्ट देखिन्छ ।

यस्तो अवस्थामा "घरमै सिक्ने वातावरण" भन्ने अवधारणा कागजमा आकर्षक देखिए पनि व्यवहारमा त्यति प्रभावकारी नहुन सक्छ । घरमा साथ नहुँदा विद्यालय नै विद्यार्थीको पहिलो र कहिलेकाहीँ एकमात्र सिकाइको आधार बनिरहेको हुन्छ । परीक्षा प्रणालीलाई पूर्ण रूपमा हटाउनु समाधान हो जस्तो मलाई लाग्दैन । मेरो कक्षामा मैले देखेको एउटा यथार्थ के हो भने- जब मूल्यांकनको कुनै स्पष्ट आधार हुँदैन, विद्यार्थीहरूको ध्यान र जिम्मेवारीबोधमा पनि असर पर्न थाल्छ । परीक्षा नै सबै कुरा होइन, तर त्यसले सिकाइलाई एउटा दिशा चाहिँ पक्का दिन्छ ।

त्यसैले पूर्ण रूपमा परीक्षा प्रणालीलाई हटाउनु भन्दा सुधार गर्नु उपयुक्त हुन्छ । मापन बिना सुधार सम्भव हुँदैन, तर गलत मापनले सिकाइलाई बिगार्न सक्दछ । हामीले समाजमा एउटा धारणा बुझाउन जरुरी छ, अंक मात्र सफलताको मापदण्ड होइन । मैले पढाएका विद्यार्थीहरूमा पनि देखेको छु, सबैको क्षमता, रुचि र गति फरक हुन्छ । विद्यार्थीलाई अंकले होइन, सम्भावनाले चिन्ने दिन आउनुपर्छ । शिक्षण पेशामा प्रवेश गर्दा मैले यसलाई यति गहिराइमा बुझेर सुरु गरेकी थिइनँ । तर समयसँगै कक्षाकोठामा बसेर, विद्यार्थीहरूसँग काम गर्दै जाँदा मैले बुझेँ, शिक्षण केवल विषयवस्तु बुझाउने प्रक्रिया मात्र होइन, यो त विद्यार्थीको सम्भावना चिन्ने र विकास गर्ने प्रक्रिया पो रहेछ ।

राम्रो शिक्षक त्यो होइन जसले पढाउँछ मात्र, त्यो हो जसले विद्यार्थी भित्रको सम्भावना उजागर गर्न सक्दछ । मैले काम गर्ने क्रममा विभिन्न प्रकारका शैक्षिक संस्थाहरू देखेँ । नाम चलेका देखि साधारणसम्म । विशेषगरी दूरदराजबाट आएका विद्यार्थीहरूसँग काम गर्दा धेरै अन्तर महसुस भयो । कतिपय विद्यार्थीहरूलाई आधारभूत सीपहरू, जस्तै इमेल कसरी प्रयोग गर्ने समेत थाहा हुँदैन । शिक्षाको वास्तविक मूल्य नतिजामा होइन, परिवर्तनबाट देखिन्छ । भर्ना प्रक्रियाको सन्दर्भमा पनि मैले केही प्रश्नहरू महसुस गरेकी छु । शुरूमा नै परीक्षा लिएर विद्यार्थीलाई उत्तीर्ण/अनुत्तीर्णका आधारमा छुट्याएर भर्नाको अवसरबाट वञ्चित गर्नु कति उचित छ? मेरो बुझाइमा, यस्तो अभ्यासले समान अवसरको भावना कमजोर बनाउँछ । तर, अध्यापन प्रक्रिया र स्तर निर्धारणका लागि प्रारम्भिक मूल्यांकन भने उपयोगी हुन सक्छ ।

त्यसैगरी, प्रत्येक शैक्षिक सत्रको अन्त्यमा विद्यार्थीहरूको सिकाइको स्तर बुझ्न कुनै न कुनै तरिका आवश्यक हुन्छ । यसले केवल अंक दिने काम मात्र गर्दैन, शिक्षकलाई पनि आफ्नो पढाउने तरिका सुधार गर्ने मौका दिन्छ । सही मूल्यांकनले विद्यार्थीलाई मात्र होइन, शिक्षकलाई पनि सिक्ने मौका प्रदान गर्दछ । निश्चित पाठ्यक्रम बनाउनुको उद्देश्य नै विद्यार्थीहरूले आवश्यक ज्ञान हासिल गरुन् भन्ने हो । त्यसैले परीक्षालाई डरको माध्यम होइन, सिकाइको सहयोगी साधन बनाउन जरुरी छ । नत्र केवल समय बितेकै आधारमा तहवृद्धि गर्ने प्रवृत्तिले शिक्षाको गुणस्तर खस्कँदै जाने खतरा मैले देखेकी छु । समय बित्दैमा सिकाइ हुँदैन, सिकाइका लागि संलग्नता अत्यन्त आवश्यक हुन्छ ।

विद्यार्थीलाई सिकाउने प्रक्रिया कहिल्यै सजायमा आधारित हुनुहुँदैन भन्ने कुरामा म पूर्ण रूपमा विश्वास राख्दछु । मेरो अनुभवमा, जब विद्यार्थीलाई बुझेर, उनीहरूको रुचि र जिज्ञासालाई ध्यान दिएर पढाइन्छ, सिकाइ स्वत: प्रभावकारी हुन्छ । साना बालबालिकाको उमेर सिक्ने, बुझ्ने र अन्वेषण गर्ने समय हो । यदि अभिभावकहरू यसमा सक्रिय रूपमा संलग्न हुन सक्नुभयो भने यसको प्रभाव अत्यन्त सकारात्मक हुन्छ । तर म कहिलेकाहीँ सोच्ने गर्छुह कतिपय अभिभावकहरूलाई आफ्ना बालबालिकाले मोबाइलमा के हेरिरहेका छन् भन्ने सम्म जानकारी हुँदैन । डिजिटल युगमा अभिभावकको भूमिका झन् चुनौतीपूर्ण र झन् महत्वपूर्ण बनेको छ । परीक्षाले दबाब दिन्छ भन्ने कुरा पनि हामी सुन्छौं । तर मेरो अनुभवमा, सन्तुलित दबाबले विद्यार्थीलाई तयारी गर्न प्रेरित गर्छ । दबाब होइन, दबाबको व्यवस्थापन नै सिक्न र सिकाउनुपर्ने देखिन्छ ।

कक्षा ११ बाट बोर्ड परीक्षा हटाइएको निर्णयको प्रभाव पनि कक्षामा देखिन्छ । धेरै विद्यार्थीहरू "अहिले त सजिलो छ, पछि पढौंला" भन्ने सोचमा हुन्छन् । नीतिले सजिलो बनाउँदा कहिलेकाहीँ जिम्मेवारी बोध घटिदिँदो रहेछ । शिक्षकको भूमिकाबारे पनि धेरै भ्रम छन् जस्तो लाग्छ । शिक्षक सधैं अत्यन्त नरम मात्र हुन सक्दैनन् । मेरो अनुभवमा, कक्षामा स्पष्टता, अनुशासन र सन्तुलित व्यवहार अत्यन्त आवश्यक हुन्छ । नरम हुनु राम्रो हो, तर स्पष्ट र दृढ हुनु पनि एक असल शिक्षकमा हुन पर्ने गुण हुन् । अन्तत:, शिक्षा नीति बनाउँदा हाम्रो आफ्नै सन्दर्भलाई केन्द्रमा राख्नुपर्छ ।

नेपाल केवल सहरमा सीमित छैन, दूरदराजका गाउँहरूमा पनि उत्तिकै वास्तविक नेपाल बस्छ । देशको शिक्षा नीति सहरका कक्षाकोठामा मात्र होइन, गाउँका यथार्थमा पनि सफल हुनुपर्छ । परिवर्तन आवश्यक छ, तर त्यो सोचविचार गरेर, क्रमिक रूपमा र जिम्मेवार ढंगले गरिनुपर्छ । सुधारको नाममा हतार गर्नु भन्दा, सही दिशामा ढिलो हिँड्नु राम्रो हो । बदलाव एकैचोटि आउँदा झट्का लाग्छ त्यसैले यस सन्दर्भ सुस्त तर लगातार बदलाव गर्दा उपयुक्त हुन्छ भन्दा अतियुक्ति नहोला ।

(साभार: न्यूज अफ नेपाल)

# प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति, मिति तय हुन बाँकी



काठमाडौं/प्रधानमन्त्री बालेन्द्र शाहले भारत भ्रमण गर्नेबारे दुई देशबीच सैद्धान्तिक सहमति भए पनि भ्रमण भने केही समयपछि मात्रै हुने भएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्रीमा शाह निर्वाचित भएपछि दिएको बधाईपत्रमा भारत भ्रमणको निम्तो पनि गरेका थिए । त्यसको जवाफ फर्काउँदा नै प्रधानमन्त्री शाहले आफू 'उचित समयमा भारतको भ्रमण गर्ने' उल्लेख गरिएको परराष्ट्रमन्त्री शिशिर खनालले संचारकर्मीलाई बताए ।

उनका अनुसार, भारतीय विदेशमन्त्री एस जयशंकरसँगको वार्तामा पनि प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति भएको थियो । यद्यपि मिति तय गर्नुअघि लामै तयारी बाँकी रहेको मन्त्री खनालले शनिबार साँझ संचारकर्मी सँगको कुराकानीका क्रममा भने ।

'अन्य दुईपक्षीय विषयसँगै दुई देशबीच उच्चस्तरीय भ्रमणका विषयमा पनि छलफल भएको हो । मिति नै तय भएको होइन', परराष्ट्रमन्त्री खनालले बताए । मौरिससमा भइरहेको नवौं हिन्द महासागर सम्मेलनमा भाग लिने क्रममा भएको साइडलाइन वार्ताका क्रममा खासगरी नेपालको निर्वाचन र त्यसपछि बनेको नयाँ सरकारका प्राथमिकताका बारेमा कुराकानी भएको थियो ।

त्यस क्रममा आफूले भारतीय विदेशमन्त्रीसँग नयाँ सरकारले नेपालको परराष्ट्र नीतिसँगै नेपाल-भारत सम्बन्धका विविध आयामबारे समीक्षा गरिरहेकोबारे जानकारी दिएको परराष्ट्रमन्त्री खनालले बताए ।

'नेपाल भारतबीच अत्यन्तै गहिरो राजनीतिक, आर्थिक तथा जनस्तरको सम्बन्ध छ । त्यसबारे हामीले अध्ययन गरिरहेका छौं । त्यस क्रममा नेपालले दुई देशको सम्बन्धका प्राथमिकताहरू निर्धारण गर्ने छ,' मन्त्री खनालले भने, 'त्यो सकेपछि दुई देशबीच विभिन्न संयन्त्रमार्फत वार्ता तथा छलफल गरौं । सँगसँगै उच्चस्तरीय भ्रमणको तयारी पनि गरौं भन्ने कुरा मैले राखेँ ।'

उक्त विषयलाई भारतीय विदेशमन्त्री जयशंकरले पनि सकारात्मक रुपमा लिएको उनले बताए । 'त्यसलाई भारतीय विदेशमन्त्री जयशंकरले पनि सकारात्मक रुपमा लिनुभयो,' मन्त्री खनालले भने । नेपाल र भारतबीच ४० वटाभन्दा धेरै विभिन्न दुईदेशीय संयन्त्रहरू छन् । ती संयन्त्रहरूलाई सक्रिय बनाएर दुई देशबीचको संवाद र सहकार्यलाई सघन बनाउने सहमति दुई मन्त्रीबीच बनेको पनि उनले बताए ।

### भारतीय विदेश सचिवको नेपाल भ्रमण हुने

प्रधानमन्त्रीस्तरको भ्रमण हुनुअघि भारतीय विदेश सचिव विक्रम मिश्रीको नेपाल भ्रमण हुने भएको छ । नेपाल सरकारले आफ्ना प्राथमिकताहरू निर्धारण गरिसकेपछि परिचयात्मक भ्रमण सँगसँगै उच्चस्तरीय भ्रमणको पनि तयारी हुने गरी आफूले विदेश सचिव मिश्रीलाई नेपाल भ्रमणमा पठाउने जानकारी जयशंकरले दिएको मन्त्री खनालले बताए ।

'हामी नयाँ प्राथमिकताका साथ तयार भएपछि सबैभन्दा पहिला भारतीय विदेश सचिवको नेपाल भ्रमण हुने सम्भावना छ, त्यो भ्रमण सद्भावना भ्रमण हुनेछ, सँगसँगै उच्चस्तरीय भ्रमणको प्राविधिक तयारी समेत हुनेछ,' मन्त्री खनालले भने, 'त्यसपछि मात्रै दुई पक्षबीचको सहमतिमा प्रधानमन्त्रीको भ्रमणको मिति तय हुनेछ । तत्कालै भ्रमण हुने होइन ।'

परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भारतीय विदेश सचिवको नेपाल भ्रमण एक महिनाभित्रै हुन सक्नेछ । विदेश सचिवले नेपालका परराष्ट्र मन्त्रीलाई भारत भ्रमणको निम्तो दिने र प्रधानमन्त्रीको भ्रमणअघि मन्त्री खनालको भारत भ्रमण हुनसक्ने सम्भावना पनि रहेको मन्त्रालय स्रोतले बतायो ।

'प्रधानमन्त्रीको भ्रमणअघि त्यसको तयारीका लागि परराष्ट्र मन्त्रीले सम्बन्धित देशको भ्रमण गर्ने पुरानै प्रचलन हो । त्यसो हुँदा अहिले पनि त्यो हुने सम्भावना छ । तर, तय भइसकेको छैन,' मन्त्रालय स्रोतले बतायो ।

सम्मेलनको साइडलाइनमा मन्त्री खनालको भुटान, बंगलादेश, मौरिसस, सिंगापुरलगायत मुलुकका विदेशमन्त्रीसँग पनि भेट भएको थियो ।

# जिल्लास्तरीय साईकल रेस प्रतियोगिता सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ नयाँवर्ष २०८३ को अवसरमा हिमालयन राईडर्स सोसाइटी, हेटौंडाले जिल्लास्तरीय साइकल रेस प्रतियोगिता गरेको छ ।

१२ वर्षमुनिका बाल बालिकालाई लक्षित गरी संचालन गरिएको प्रतियोगितामा आयुष थापा प्रथम, आयुषमान तिमल्सिना दोस्रो, डेनियल सिलवाल तेस्रो र सयव श्रेष्ठ तथा विहान कोइराला सान्त्वना भइ पुरस्कृत भएका छन् । स्वस्थ्य जीवनशैली र वातावरण संरक्षणप्रति सचेतना फैलाउने उद्देश्यले प्रतियोगिता गरिएको सोसाइटीका अध्यक्ष राजु थापामगरले बताए । यस्तै ४५ वर्ष उमेर पार गरेकाहरुका लागि आयोजना गरिएको भेट्रान्स साइकल रेस प्रतियोगितामा हरेराम राई प्रथम, दुर्गा लामिछाने दोस्रो, हरिशरण थापा तेस्रो तथा चेतनाथ आचार्य र दीपक राई सान्त्वना भएका थिए ।

नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष तथा हिमालयन राइडर्स सोसाइटीका सल्लाहकार भानुभक्त आचार्य र सामाजिक अभियन्ता तथा सोसाइटीका सल्लाहकार विशालराज महतले सामूहिक रुपमा रिवन काटेर भेट्रान्स प्रतियोगिताको उद्घाटन गरेका थिए । सोसाइटीले भेट्रान्स साइकल रेस गरेको यो तेस्रो संस्करण हो । २०५४ र २०८० मा मेचीमहाकाली साइकल यात्रा सफलतापूर्वक सम्पन्न गर्ने लक्ष्मीचरण श्रेष्ठ र भानुभक्त आचार्य तथा २०८० र २०८२ मा दोहोरो मेचीमहाकाली साइकलयात्रा गर्ने मकवानपुरको पहिलो महिला सीता श्रेष्ठसहित विकास बानियाँ र चेतनाथ आचार्यलाई सम्मानीत गरिएको थियो ।

करिव १३ किमि रेसमा प्रथम हुने राइले २४ दसमलव ३८ मिनेटमा निर्धारीत दूरी पार गरेका थिए । हेटौंडा उपमहानरपालिका वडा नं ८ ले प्रतियोगिताका लागि आर्थिक सहयोग गरेको सोसाइटीका अध्यक्ष थापामगरले जानकारी दिए । खेलाडीका लागि एग्रो थाई फुड्स प्रालिले जर्सी उपलब्ध गराएको थियो । प्रतियोगितामा विजयी हुने खेलाडीलाई शिल्ड, मेडल प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरिएको थियो ।

# विवादित बन्यो राष्ट्रिय अपांग महासंघको महाधिवेशन




बुटवल/राष्ट्रिय अपांग महासंघ नेपालको १०औं राष्ट्रिय महाधिवेशन विवादित बनेको छ । महासंघका वरिष्ठ उपाध्यक्ष रामबहादुर कार्की र महासचिव सुगम भट्टराई सहितको पक्षले विधान विपरीत र अदालतको निर्देशन अवज्ञा गर्दै जबरजस्ती चुनाव गराइएको भन्दै निर्वाचन बहिष्कार गरेका छन् ।

असन्तुष्ट पक्षले महासंघको विधान विपरीत वितरण गरिएका सदस्य संस्थाहरूको छानबिन माग गरेकामा सोको सुनुवाइ नगरी गरिएको सदस्यता वितरण र सोको आधारमा आएका प्रतिनिधिहरूको संलग्नतामा गरिएको महाधिवेशन विधान विपरीत भएको दाबी गरेको छ । उच्च अदालत पाटनले महाधिवेशनको विवाद सम्बन्धमा परेको निवेदनमा चैत २६ गते गरेको आदेश अनुसार २०८३ वैशाख ३ गते दुवै पक्षलाई छलफलमा बोलाइएको सन्दर्भमा सो भन्दा अगाडि अदालतको मानहानी हुनेगरी महाधिवेशन र निर्वाचन गराइएकाले गैरकानूनी भएको वरिष्ठ उपाध्यक्ष रामबहादुर कार्कीको भनाइ छ ।

महाधिवेशन प्रतिनिधिमाथि प्रहरी दमन गरेर गैरकानूनी रुपमा गरिएको निर्वाचनविरुद्ध कानूनी उपचार खोज्ने वरिष्ठ उपाध्यक्ष कार्कीले बताए । महाधिवेशन प्रतिनिधि किर्ते र जालसाजी गरेको भन्दै असन्तुष्ट पक्षले विरोध गरेपछि दुई पक्षबीच केहीबेर कुटाकुट भएको र केही प्रतिनिधिलाई प्रहरीले पक्राउ समेत गरेको केन्द्रीय सदस्य सावित्रा घिमिरेले बताइन् ।

महासंघमा आर्थिक अनियमितता, असमावेशिता र नेतृत्वको निरंकुशताविरुद्ध दुई वर्षदेखि नै छानबिनको आवाज उठ्दै आएको भएपनि नेतृत्वले सुनुवाइ नगरेको घिमिरेले बताइन् ।

निर्वाचन गराउन गठित वरिष्ठ अधिवक्ता शालिकराम बन्जाडे संयोजकत्वको निर्वाचन समितिले महासंघमा देखिएको विवाद र पाटन उच्च अदालतको निर्देशनलाई मध्यनजर गरी निर्वाचन गराउन उचित नहुने ठहर गर्दै राजीनामा दिएको थियो । तर महासंघका अध्यक्ष देविदत्त आचार्य पक्षले विवादका बीच रातारात अधिवक्ता जोखबहादुर खत्रीको संयोजकत्वमा अर्को निर्वाचन समिति बनाई वहुमत प्रतिनिधिको वहिष्कारबीच निर्वाचन गराउनु गैरकानूनी भएको महासचिव सुगम भट्टराई बताए । महासंघका अध्यक्ष आचार्यले भने बहुमतले पारित गरेर महाधिवेशन र निर्वाचन गरेको दाबी गरे ।

# इन्धन अभावको असर: सुस्तायो काँकडभिट्टा-लौकही सडक निर्माण

काठमाडौं/पेट्रोलियम पदार्थ अभावले निर्माणाधीन काँकडभिट्टा-लौकही सडक निर्माण सुस्ताएको छ । पश्चिम एसियामा देखिएको तनावले पर्याप्त सडक कालोपत्र गर्न आवश्यक बिटुमिन अभाव भएको निर्माण कम्पनी इभ्रास्कन कालिका जे.भी.का प्रोजेक्ट म्यानेजर उज्वल प्रसाईंले बताए ।

काँकडभिट्टा लौकही सडकखण्ड अन्तर्गत पूर्वी खण्डमा इभ्रास्कन कालिका जे.भी.ले स्तोन्नतिको काम गरिरहेको छ । सडक कालोपत्र गर्ने मुख्य सिजनमा कम्पनीले स्टकमा राखेको बिटुमिनले १०-१५ दिन पुग्ने कम्पनीका प्रोजेक्ट म्यानेजर प्रसाईं बताउँछन् ।

वर्षाअघि पहिलो लेयरको कालोपत्र गर्न २२ किलोमिटर सडकमा बेस बिछ्याउर तयार पारिएको कम्पनीका प्रतिनिधि प्रसाईंले बताए । बेस बिछ्याइएको क्षेत्रमा कालोपत्रे गर्न आवश्यक बिटुमिन महङ्गो मूल्यमा खरिद गरिएको भएपनि पर्याप्त नरहेको प्रसाईंले जानकारी दिए ।

नेपाल आयाल निगमले डिजेलमा लगाएको कोटा प्रणालीले आयोजनामा पर्याप्त डिजेल उपलब्ध नगराउँदा काम रोकिने अवस्थामा पुगेको प्रसाईंले गुनासो गरे । निर्माण कम्पनीसँग स्टकमा रहेको बिटुमिनले मात्रै कालोपत्रे गर्ने अवस्था रहेको काँकडभिट्टा लौकही सडक योजना पूर्वीखण्डका योजना प्रमुख सीडीई सुनिलबाबु पन्तले बताए ।

पश्चिम एसियामा देखिएको तनावले पेट्रोलियम पदार्थको मूल्य बढेर काम गर्न नसक्ने अवस्थाको जानकारी निर्माण पक्षले आयोजनालाई गराएको पन्तले बताए । निर्माण व्यवसायीले बिटुमीन आयात गर्न खोलेको एलसी समेत फिर्ता भएको जानकारी आयोजनालाई गराएको उनले बताए ।

पश्चिम एसिया तनाव नरोकिए यो सडक योजनाको काम हप्ता दश दिनमै रोकिने अवस्था रहेको आयोजना प्रमुख पन्त बताउँछन् । पूर्वीखण्ड अन्तर्गत काँकडभिट्टा सीतापुरीसम्म ४५ किलोमिटर लम्बाइ रहेको यो सडक १० अर्ब ६ करोड ९४ लाख रुपैयाँ लागतमा स्तरोन्नति भइरहेको छ ।

# एमआरपी र स्पष्ट लेबल नभएका सामान बेच्न रोक, बढी मूल्य लिए कारबाही

काठमाडौं/बजारमा वस्तुको मूल्यमा पारदर्शिता कायम गर्न र उपभोक्ता अधिकार सुनिश्चित गर्न सरकारले सम्पूर्ण उपभोग्य वस्तुमा अधिकतम खुद्रा मूल्य (एमआरपी) र स्पष्ट लेबल अनिवार्य गरेको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सूचना जारी गर्दै आयातकर्ता, उत्पादक र विक्रेताका लागि छुट्टाछुट्टै दायित्व तोकेको हो ।

विभागले तोकिएको एमआरपीभन्दा बढी मूल्य लिए वा लेबल नभएका सामान खरिद-बिक्री गरे कडा कानुनी कारबाही गर्ने चेतावनी समेत दिएको छ ।

### आयातकर्ता र उत्पादकलाई कडाइ

अब विदेशबाट आयात गरिने वस्तुमा भन्सार बिन्दुमै आयातकर्ताको विवरण र एमआरपी सहित लेबल लगाउनुपर्ने छ । यो व्यवस्था कार्यान्वयनका लागि भन्सार विभागलाई नियमन गर्न अनुरोध गरिएको छ । त्यसैगरी स्वदेशी उद्योगहरूले पनि वस्तु उत्पादनकै क्रममा प्याकेजिङमा मूल्य, ब्याच नम्बर, तौल र म्याद सकिने मिति (एक्सपायरी डेट) स्पष्ट देखिने गरी स्थायी लेबल राख्नुपर्ने छ । यसको सहजीकरण र नियमनका लागि उद्योग विभागलाई आग्रह गरिएको छ ।

### विक्रेतालाई निर्देशन र उपभोक्तालाई अपिल

विभागले थोक तथा खुद्रा विक्रेतालाई स्पष्ट लेबल र एमआरपी उल्लेख नभएका कुनै पनि सामान खरिद तथा बिक्री नगर्न कडा निर्देशन दिएको छ । विक्रेताले कुनै पनि बहानामा लेबलमा उल्लेखित मूल्य (एमआरपी) भन्दा बढी रकममा सामान बेच्न पाउने छैनन् ।

साथै, विभागले आम उपभोक्तालाई पनि सचेत गराएको छ । कुनै पनि वस्तु खरिद गर्नुअघि अनिवार्य एमआरपी र उपभोग गरि सक्नुपर्ने म्याद लगायत विवरण हेरेरमात्र खरिद गर्ने बानी बसाल्न विभागले विशेष अपिल गरेको छ ।

### स्थानीय तह र प्रशासनलाई अनुगमनको जिम्मा

बजार अनुगमन देशभरि प्रभावकारी बनाउन उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३२ बमोजिम सबै जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिएको छ । अब स्थानीय तह र प्रशासनले आ-आफ्ना क्षेत्रमा निरीक्षण अधिकृत तोकी स्पष्ट लेबल र एमआरपी लक्षित गरी बजार अनुगमन गर्नुपर्ने छ ।

विभागले हाल बजार अनुगमन टोली खटाएर एमआरपी कार्यान्वयन अवस्थाबारे अनुगमन तीव्र पारेको जनाएको छ । सबै व्यवसायीलाई एमआरपी व्यवस्था अनिवार्य कार्यान्वयन गर्न विभागले आग्रह गरेको छ ।

*स्रोत: अनलाइनखबर*

# पत्रकारका लागि वित्तीय साक्षरता



साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ बागमती प्रदेशको राजधानी हेटौंडामा पत्रकारका लागि वित्तीय साक्षरता अभिवृद्धिसम्बन्धी एकदिने अनुशिक्षण कार्यक्रम भएको छ ।

नेपाल राष्ट्र बैंक वीरगञ्ज शाखाको आयोजनामा भएको कार्यक्रममा मकवानपुर, बारा, पर्सा, रौतहट र चितवन जिल्लाका करिब ६० जना पत्रकारको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका सुशील पौडेलले वित्तीय साक्षरताका विभिन्न पक्षबारे जानकारी गराए । उनले बचत, लगानी, बैंकिङ सेवा प्रयोग, डिजिटल कारोबार, कर्जा व्यवस्थापन तथा वित्तीय अनुशासन जस्ता विषयमा सचेतना आवश्यक रहेको बताए । नेपाल राष्ट्र बैंक वीरगञ्ज कार्यालयका सहायक निर्देशक विनय केशरीले पछिल्लो समय वित्तीय ठगी (स्क्याम) का घटना बढ्दै गएको उल्लेख गर्दै दैनिक औसत ५४ जना यस्ता ठगीमा पर्ने गरेको जानकारी दिए ।

उनले अपरिचित फोन, सन्देश वा लिंकमार्फत हुने प्रलोभनबाट सतर्क रहन आग्रह गरे । नेपाल राष्ट्र बैंकका सहायक निर्देशक नरेश सर्राफले बैंकले उपभोक्ता हितसंरक्षणाका लागि विभिन्न व्यवस्था गरेको बताए । उनकाअनुसार काठमाडौं उपत्यकामा २ वटा र उपत्यका बाहिर ८ वटा गुनासो सुनुवाइ इकाइ सञ्चालनमा रहेका छन् । सेवाग्राहीले राष्ट्र बैंकको वेबसाइटमार्फत् पनि गुनासो दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ । राष्ट्र बैंकले दैनिक ब्यालेन्स सिट सार्वजनिक गर्दै आएको उनले जानकारी दिए ।

# बागमती प्रदेशभित्र गाडी भाडा बढाउन सिफारिस, उपत्यकामा न्यूनतम २३.९३ रुपैयाँ पुग्ने

काठमाडौं/बागमती प्रदेशभित्र गाडी भाडा बढाउने तयारी गरिएको छ ।

बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाको उपस्थितिमा बसेको भाडा निर्धारण/समायोजन सिफारिस समितिको बैठकले काठमाडौं उपत्यकाका हकमा न्यूनतम भाडादरमा २५.९६ प्रतिशत बराबर वृद्धि गर्न सिफासिर गरेको हो ।

अहिले उपत्यकामा न्यूनतम भाडादर (०-५ क्लिोमिटर) १९ रुपैयाँ छ । अब यो भाडा बढेर २३.९३ रुपैयाँ पुग्ने छ । प्रदेश यातायात मन्त्रालयका महाशाखा प्रमुख प्रविण श्रेष्ठका अनुसार भाडा दर बढाउन सिफारिस गरिएको छ ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ काठमाडौंमा रहेको र उनलाई भाडादर स्वीकृत गराउने तयारी भइरहेको उनका निजी सचिव भक्त भण्डारीले जानकारी दिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कानुन उपसचिव भुवन न्यौपानेले स्वीकृत भाडादर प्रदेश राजपत्रमा प्रकाशनका लागि मूख्यमन्त्री कार्यालयबाट तयारी अवस्थामा रहन निर्देशन आएको जानकारी दिए ।

यसअघि काठमाडौंमा ७ भदौ २०८० मा भाडा समायोजन गरिएको थियो । नयाँ सिफारिस अनुसार बागमती प्रदेशमा पेट्रोलियम पदार्थबाट चल्ने ट्याक्सीमा १२.३९ प्रतिशत भाडा बढ्ने छ ।

काठमाडौं उपत्यका बाहेक स्थानमा चल्ने यात्रुवाहक सार्वजनिक सवारीमा १७.३५ प्रतिशत बढ्ने छ । बागमती प्रदेशमा चल्ने मालवाहक सवारीमा २६.७९ प्रतिशत बढ्ने छ ।

बागमती प्रदेशभित्र चल्ने विद्युतीय सवारीसाधनमा भने १ वैशाख २०७९ सालमै तोकिएको भाडादर कायम हुनेछ । इन्धन मूल्यमा भारी वृद्धि भएसँगै यातायात व्यवसायीले भाडा समायोजनमा सरकारलाई निरन्तर दबाब दिइरहेका छन् । सोही आधारमा केन्द्र सरकारले यसै साता लामो दुरीको यातायात भाडा बढाएको छ ।

*स्रोत: अनलाइनखबर*

# 'कुम्भ'को 'स्वर्गकी परी' गीतमा रोमान्टिक अशोक र सृष्टि

काठमाडौं/गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कुम्भ'को पहिलो गीत 'स्वर्गकी परी' सार्वजनिक गरिएको छ । शुक्रबार निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै अन्जु पन्त र अनुप तिवारीको स्वरमा रहेको गीत सार्वजनिक गरेको हो । रोमान्टिक भावको यस गीतमा शब्द रचना रन्धिर श्रेष्ठ र संगीत अनुप तिवारीको रहेको छ ।

भारतको मङ्गलोर सहरको समुन्द्री तट क्षेत्रमा छायांकन गरिएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी अशोक आर्यन र सृष्टि खड्का देखिएका छन् । उनीहरूलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । गीतका कोरियोग्राफर रोबर्ट बडाइला हुन् भने छायांकन रन्धिर श्रेष्ठले गरेका हुन् । रन्धिर फिल्मका निर्देशक समेत हुन् ।

नेपाली र हिन्दी दुवै भाषामा प्रदर्शन हुने यस फिल्ममा अशोक र सृष्टिसहित सुनिल थापा, सुशील पोखरेल, रोहित रुम्बा, अफ्सना थापा, वसन्त भट्टराई, आरजे सापकोटा, विजय यादव, महेन्द्र मैनाली, भोला शाह, सुरेन्द्र ठाकुर, आनन्द चतुर्वेदी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्ममा निर्देशक श्रेष्ठ स्वयंको लेखन रहेको छ ।

ए. रस प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मका निर्माताहरू रन्धिर श्रेष्ठ र राजेश साह हुन् । कार्यकारी निर्मातामा ईश्वर बल्लभ उप्रेती रहेका छन् । निर्देशक श्रेष्ठ स्वयंको छायांकन तथा सम्पादन रहेको फिल्ममा सञ्जय थापा (नेपाल) र प्रदीप खड्का (भारत)को द्वन्द्व निर्देशन, शैलेन्द्र बाबु प्रधानको पार्श्व संगीत तथा जुनिम गहतराजको रंग संयोजन छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

### जिरी घोषणापत्र जारी गर्दै सकियो नेपाल पत्रकार महासंघ बागमतीको बैठक

# साना सञ्चारमाध्यमको प्रवर्द्धन मुख्य प्राथमिकतामा

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले प्रेस स्वतन्त्रताको संरक्षण, सरकारी विज्ञापन प्रणालीमा पारदर्शिता, साना सञ्चारमाध्यमको प्रवर्द्धन तथा जलवायु परिवर्तनबाट प्रभावित समुदायको आवाजलाई प्राथमिकता दिने प्रतिबद्धता सहित 'जिरी घोषणापत्र' सार्वजनिक गरेको छ ।

दोलखाको पर्यटकीय नगरी जिरीमा चैत २७ र २८ गते आयोजित बैठकमा प्रदेश समितिका पदाधिकारी, प्रदेशअन्तर्गतका जिल्ला अध्यक्षहरु तथा प्रदेशस्तरीय पत्रकार संगठनका प्रतिनिधिको सहभागिता पछि ११ बुँदे घोषणापत्र जारी गरिएको हो । बैठकले सरकारी विज्ञापन प्रकाशन-प्रसारणमा देखिएका अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि सरकारले थालेका पहलको स्वागत गर्दै त्यससँग सम्बन्धित विकृतिमाथि निष्पक्ष छानबीन गर्न माग गरेको छ । श्रमजीवी पत्रकारले सञ्चालन गरेका साना तथा स्वरोजगारमुखी सञ्चारमाध्यमको संरक्षण र प्रवर्द्धनका लागि पूर्णसमानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्न सरकारसमक्ष जोडदार माग गरिएको छ ।




घोषणापत्रमा स्थानीय तहबाट प्रवाह हुने सूचना तथा जनचेतनामूलक सामग्री स्थानीय सञ्चारमाध्यममार्फत् नै प्रकाशन तथा प्रसारण हुने व्यवस्था गर्न संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारको ध्यानाकर्षण गराइएको छ । संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्ने कुनैपनि कदम नचाल्न सरकारलाई आग्रह गर्दै पत्रकारको पेशागत स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिइएको छ । प्रदेश सरकारका निकायमा दर्ता भएका सञ्चार माध्यमसम्बन्धी विद्यमान अन्योलता अन्त्य गर्न संघीय र प्रदेश सरकार बीच समन्वय गरी समस्या तत्काल समाधान गर्नुपर्ने आवश्यकता औंल्याउँदै बागमती प्रदेश सरकार लाई सञ्चार रजिस्ट्रार कार्यालय कायम राख्न पनि अनुरोध गरिएको छ ।

घोषणापत्रमा महासंघले आम श्रमजीवी पत्रकारको अभिभावक र संरक्षकको भूमिका प्रभावकारी रुपमा निर्वाह गर्नुपर्नेमा पछिल्ला घटनाक्रमले त्यसलाई पूर्णरुपमा पुष्टि गर्न नसकेको टिप्पणी गरिएको छ । महासंघको गरिमा उकास्नु पर्ने विषयमा देखिएको अन्योलताले प्रदेश, जिल्ला तथा श्रमजीवी पत्रकारमा नकारात्मक असर परेको उल्लेख गर्दै केन्द्रीय समितिको गम्भीर ध्यानाकर्षण गराएको छ । बैठकले जलवायु परि वर्तनका प्रभावलाई पत्रकारिताको प्राथमिक एजेन्डा बनाउनुपर्ने निष्कर्ष पनि निकालेको छ ।

विशेषगरी महिला, दलित, गरिब तथा सीमान्तकृत समुदाय जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित हुने भएकाले उनीहरुको आवाजलाई समाचारको केन्द्रमा राख्ने प्रतिबद्धता जनाएको छ । यसै सन्दर्भमा आदिवासी जनजाति तथा स्थानीय समुदायले पुस्तौंदेखि प्रयोग गर्दै आएको 'रैथाने ज्ञान' लाई वैज्ञानिकरुपमा अभिलेखीकरण गरी नीति निर्माण तहसम्म पुर्‍याउन पत्रकार समुदायले भूमिका खेल्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ । घोषणापत्रले पर्यटकीय नगरी जिरी तथा आसपासका प्राकृतिक सम्पदामा जलवायु परिवर्तनले पारेको प्रभाव न्यूनीकरणका लागि संघीय, प्रदेश र स्थानीय सरकारलाई आवश्यक पहल गर्न आग्रह गरेको छ ।

बैठक तथा जलवायु परिवर्तनसम्बन्धी सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गर्न सहयोग पुर्‍याउने बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय, नेपाल पत्रकार महासंघ दोलखा शाखा तथा स्थानीय पर्यटन व्यवसायीप्रति महासंघले आभार व्यक्त गरेको छ । बैठकको अन्त्यमा जोखिमपूर्ण रिपोर्टिङका क्रममा व्यक्तिगत सुरक्षामा ध्यान दिँदै बदलिँदो समय र जनअपेक्षाअनुसार व्यावसायिक, जिम्मेवार र स्वतन्त्र पत्रकारिताको उच्चअभ्यास गर्न सम्पूर्ण सञ्चारकर्मीलाई अपिल गरिएको छ ।

# टोनी हेगन पार्कको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ डा. टोनी हेगन स्मृति पार्क विकास मञ्चको पाचौं साधारणसभा हेटौंडा-१० पार्क परिसर भित्र रहेको जेष्ठनागरिक दिवा सेवाकेन्द्रको सभाहलमा शनिबार भएको छ ।

पार्कका प्रमुख संरक्षक एवं नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख अतिथ्यता, मञ्चका अध्यक्ष इन्द्रप्रसाद नेपालको अध्यक्षतामा कार्यक्रम भएको हो । मञ्चका सचिव रामप्रसाद शर्माले सहजीकरण गरेको साधारणसभामा नगरप्रमुख लामाले विदेशतिर १५-१५ मिनेटको दूरीमा पार्क पाइने, पार्कमा स्थानीयले अपनत्व लिएको हुनुपर्ने बताइन् । नगरप्रमुख लामाले पार्कको पश्चिमतर्फ रहेको पर्खाल होचो पारेर पार्क बाहिरबाट देखिने पार दर्शी बनाउँन सुझाव दिँदै पार्कको कार्यसमितिमा महिला सहभागिता बढाउन सुझाव दिइन् ।

साधारणसभामा वरिष्ठ पत्रकार एवं पार्कका सल्लाहकार प्रताप बिष्टले डा. टोनी हेगन नेपाल सम्बन्धित विकास विज्ञ भएकोले उहाँको सम्मानमा सामाजिक एवं विकासको क्षेत्रमा उल्लेख्य काम गर्ने व्यक्तिलाई सम्मानस्वरुप नगद राशि सहित पुरस्कार राख्न पार्कले समन्वय गरोस् भन्दै राणाकालमा भीमफेदीबाट काठमाडौं गाडी बोकेर लगिन्थ्यो त्यो इतिहासको स्मरणमा गाडी बोकेर लगिरहेको बिम्बस्वरुप मूर्ति पार्कमा राख्न सुझाव दिए । १० नम्बर वडाध्यक्ष फुर्वादोर्जे लामाले १० नम्बर वडामा एकघर एक दुर्वयवर्शनी हुन थालेकोले लागूऔषध दुर्वयसन कसरी रोक्न सकिन्छ ? भन्दै चिन्ता व्यक्त गरे ।

नेपाल उद्यान महासंघका केन्द्रीय उपाध्यक्ष रघुनाथ खुलाल, पार्कका सल्लाहकार सिद्धिलाल श्रेष्ठलगायतले साधारणसभामा आफ्नो धारणा व्यक्त गरेका थिए । अध्यक्ष नेपालले पार्कमा नेपाली मौलिकता झल्कने सत्तल, ढुङ्गेधारा आदि निर्माणकार्य गर्न सरकारी दररेट नभएकोले योजनाको मूल्यांकन गर्न कठिन हुनुका साथै सम्बन्धित दक्ष कालीगढ स्थानीय बजारमा अभाव रहेको, निर्माणकार्य उपभोक्ता समितिमार्फत् गर्न उपभोक्ता समिति दर्ता एवं पान दर्ता, ५% धरौटी र २०% सम्म उपभोक्ताले बेहोर्नुपर्ने प्रावधानले गर्दा उपभोक्ता समितिमार्फत निर्माणकार्य गर्न कठिन भएको बताए ।

डा. टोनी हेगन विकास विज्ञ पनि भएकोले पार्कमा हेर्ने संरचना, बगैंचा र जडिबुटीजन्य बिरुवा अन्य पार्क भन्दा भिन्न र मौलिक प्रकृतिको बनाउन अब कस्तो विकास गर्नुपर्छ भनेर अध्ययन अनुसन्धान गर्ने थलोको रुपमा पार्कलाई विकास गर्न जरुरी रहेको अध्यक्ष नेपालले बताए ।

विकास भवनका आवश्यकता र औचित्यका सन्दर्भमा अझ गहन विचार विमर्श गरौं भन्दै सबैक्षेत्रबाट सरसहयोग, सद्भाव प्राप्त भएकोले टोनी हेगन पार्कमा यति धेरै काम गर्न सकिएको अध्यक्ष नेपालले बताए ।

मञ्चका सचिव राम प्रसाद शर्माले प्रस्तुत गरेको प्रगति प्रतिवेदन, कोषाध्यक्ष ज्ञानेन्द्र कार्कीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र लेखासमिति संयोजक गणेशमान श्रेष्ठले प्रस्तुत गरेको लेखासमितिका प्रतिवेदनमाथि छलफल गरी प्राप्त सल्लाह सुझावलाई समावेश गर्नेगरी पारित गरिएको थियो ।

# मकवानपुरको पाथीभरा मन्दिरमा दुईदिने महोत्सव हुने

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ पाथीभरा मन्दिर छत्रेडाँडामा दुईदिने पाथीभरा महोत्सव हुने भएको छ । ताप्लेजुङमा आवस्थित पाथीभरादेवी मकवानपुरको मकवानपुरगढी-८ छत्रेडाँडामा अवस्थित पाथीभरा दिव्यधाममा उत्पत्ति भएर गौरवमय दोस्रो वर्ष पूरा भएर तेस्रो वर्षमा प्रवेश गरेको अवसरमा दोस्रो पाथीभरा महोत्सव आयोजना गरिएको मन्दिरको संरक्षक तथा पूजारी दिपकसिंह रुम्बाले जानकारी दिए ।

यही चैत ३० गते र बैशाख १ गते हुने दुई दिवसीय महोत्सवमा बिभिन्न झाँकी सहित, पूजापाठ, सामूहिक हवन, भजनकीर्तन, ध्यान साधना, दीपप्रज्ज्वलन र विविध मनोरञ्जनात्मक कार्यक्रम हुने आयोजकको भनाई छ ।



पूजारी रुम्बाको सपनामा बारम्बार देखाएपछि जमिन भित्रबाट पञ्चकन्या पाथीभरा भगवतीदेवीको शिलाको उत्खनन गरेर निकाले पश्चात २०८१ साल नयाँवर्षको दिनदेखि पूजा सुरु गरेको कारण हरेक बैशाख १ गते नयाँवर्षको दिन जन्मोत्सवको रुपमा भव्य कार्यक्रम गरी मनाउँदै आएको रुम्बाको भनाई छ ।

पछिल्लो समय पाथीभरा दिव्यधाम छत्रेडाँडा आन्तरिक तथा बाह्रय पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । महोत्सवमा मकवानपुरलगायत आसपासका जिल्लाबाट भक्तजनको बाक्लो उपस्थिति रहने आयोजकको भनाई छ ।

# गलैंचा उद्योगको विकासमा प्रदेश सरकार तयार छ: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नेपालको निर्यात व्यापारको मेरुदण्डको रुपमा रहेको गलैंचा उद्योगको विकास र प्रवर्द्धनका लागि प्रदेश सरकारले आगामी बजेटमा ठोस व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघको ८ औं साधारणसभाको समुद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले यस्तो आश्वासन दिएका हुन् । मुख्यमन्त्री बानियाँले कुनै समय नेपालको वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोत रहेको गलैंचा निर्यातमा पछिल्लो समय आएको ह्रासप्रति चिन्ता व्यक्त गरे । उनले निर्यात किन घट्यो र यसक्षेत्रमा नयाँ उद्यमीलाई किन आकर्षण गर्न सकिएन भन्नेबारे गम्भीर समीक्षा हुनुपर्नेमा जोड दिए । उनले विगतमा यो उद्योगले करिब ४५ करोड अमेरिकी डलरसम्म विदेशी मुद्रा भित्राएको स्मरण गराउँदै हाल यो क्षेत्र खुम्चिएर करिब ८-९ करोडमा सीमित हुनु गम्भीर चिन्ताको विषय भएको उल्लेख गरे ।

उनले उद्योगको गिरावटका कारणबारे गहिरो समीक्षा गर्न आवश्यक रहेको बताउँदै राज्यको नीतिगत कमजोरी, व्यवसायीको घट्दो आकर्षण, कच्चापदार्थको अभाव तथा उत्पादन प्रणालीमा आएको परिवर्तन जस्ता पक्षमा समन्वित रुपमा काम गर्नुपर्ने धारणा राखे । 'हामी कहाँ चुक्यौं, किन यो उद्योग क्रमश: कमजोर बन्दै गयो भन्ने प्रश्नको जवाफ खोजेर मात्रै यसलाई पुनर्जीवित गर्न सकिन्छ,' उनले भने । मुख्यमन्त्री बानियाँले गलैचा उद्योगलाई पुन: सशक्त, प्रतिस्पर्धी र आकर्षक पेशाको रुपमा विकास गर्न प्रदेश सरकार पूर्णरुपमा प्रतिबद्ध रहेको स्पष्ट पारे ।

उनले उद्योग सञ्चालनका लागि आवश्यक कच्चापदार्थ, विशेषगरी भेडापालनको सम्भाव्यता भएका जिल्ला पहिचान गरी आवश्यक जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाए । 'बागमती प्रदेशका १३ वटा जिल्लामध्ये उपयुक्त स्थान छनोट गरेर उद्योगका लागि आवश्यक पूर्वाधार र वातावरण निर्माण गर्न प्रदेश सरकार तयार छ,' उनले भने । उनले बागमती प्रदेश केन्द्रीय राजधानी भएको, ठूलो जनसंख्या रहेको र आर्थिक गतिविधिको केन्द्रकारुपमा विकसित हुँदै गएकोले उद्योग विस्तारका लागि सबैभन्दा अनुकूल प्रदेश भएको बताए ।

गलैंचा उद्योगका लागि आवश्यक कच्चापदार्थको अभावलाई सम्बोधन गर्न मकवानपुरको चितलाङ, मार्खु तथा रसुवा र नुवाकोटका भेडा फार्महरुलाई पुनर्जीवित गरी ऊन उत्पादनमा आत्मनिर्भर बन्नुपर्ने उनको भनाइ थियो । मुख्यमन्त्री बानियाँले ललितपुरलाई हस्तकलाको राजधानी घोषणा गर्ने तयारी भइरहेको जानकारी दिँदै हस्तकला र गलैंचा क्षेत्रलाई कला र संस्कृतिको प्रतीककारुपमा संरक्षण गरिने बताए । उनले सीमान्तकृत र विपन्न समुदायका नागरिकलाई गलैंचा बुन्ने आधुनिक तालिम दिएर रोजगारीसँग जोड्न सरकारले लगानी गर्ने स्पष्ट पारे ।

'तपाईंहरुले चाहेको र खोजेको के हो, ठोस प्रस्ताव लिएर आउनुहोस्, प्रदेश सरकारको नीति तथा कार्यक्रम र असार १ गते आउने बजेटमा हामी त्यसलाई व्यवस्थापन गर्न तयार छौं,' उनले भने । व्यवसायीले उठाएको मूल्यअभिवृद्धि कर (भ्याट) र निर्यातका समस्याबारे चर्चा गर्दै मुख्यमन्त्रीले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी नीति बनाइने बताए । उनले राजनीतिलाई समाजसेवा र उद्योग व्यवसायलाई जीवन चलाउने आधारका रुपमा व्याख्या गर्दै 'गरीखाने' वर्गको जीवनस्तर उकास्नु नै गणतन्त्र र संघीयताको मुख्य उद्देश्य रहेको उल्लेख गरे ।

नेपाली गलैंचालाई विश्वबजारमा बलियो ब्रान्डकारुपमा स्थापित गर्न मार्केटिंग र ब्रान्डिङमा सहकार्य गर्न समेत उनले व्यवसायीलाई आग्रह गरे । कार्यक्रममा सहभागी उद्योगी तथा सरोकारवालाले गलैचा उद्योगको पुनरुत्थानका लागि नीतिगत स्थिरता, कच्चापदार्थको सहज उपलब्धता, दक्षजनशक्ति विकास र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि आवश्यक रहेको धारणा व्यक्त गरेका थिए ।

# 'लिडरशिप कन्क्लेभ २०२६' सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २८ चैत/ युवामा नेतृत्व क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित लिडरसिप कन्क्लेभ २०२६ सम्पन्न भएको छ । जेसिआई हेटौंडाको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा होटल स्मारकमा कार्यक्रम सम्पन्न गरिएको हो ।

कन्क्लेभमा विभिन्न क्षेत्रका वक्ताले नेतृत्व, उद्यमशीलता, सामाजिक उत्तरदायित्व र व्यक्तिगत विकासका विषयमा आफ्ना अनुभव तथा विचार प्रस्तुत गरेका थिए । कार्यक्रममा प्रमुखअतिथि प्रतिनिधि सभामा ईलाम क्षेत्र नं १ बाट निर्वाचित यूवा सांसद निस्कल राईको सहभागी थिए । जेसिआई वर्ष २०२६ का उपाध्यक्ष सिनेटर रजनी थापा र मिस नेपाल अर्थ २०१८ प्रिया सिग्देलको सहभागिता रहेको कार्यक्रममा निस्कल राई, प्रिया सिग्देल, रजनी थापाले प्यानलिस्टका रुपमा नेतृत्वका बारेमा धारणा राखेका थिए भने कार्यक्रमको सहजीकरण सामाजिक अभियन्ता प्रस्युज मैनालीले गरेका थिए ।

उद्योगपति स्वागतराज प्याकुरेल र मेकवेजका संचालक एवम् एडकल्वका अध्यक्ष बिधानराज भण्डारीद्वारा कथन (स्टोरी टेलिङ) सत्र सञ्चालन गरिएको थियो । सामाजिक अभियन्ता मामाघर नेपालका संस्थापक डा.अर्पण पराजुलीले नेतृत्वसम्बन्धी कार्यशाला सञ्चालन गरेका थिए । कार्यक्रम संयोजक जेसी प्रवीण श्रेष्ठले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको जनाउँदै यस्ता पहलले युवाको नेतृत्व क्षमता विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने बताए ।

कार्यक्रमका सभाअध्यक्ष तथा जेसिआई हेटौंडा वर्ष २०२६ का शाखाअध्यक्ष सिनेटर सन्तोष पराजुलीले युवालाई सकारात्मक सोचसहित समाज परिवर्तनमा अग्रसर हुन प्रेरित गर्दै जेसिआई हेटौंडाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए । कार्यक्रममा युवा, उद्यमी, विद्यार्थी तथा विभिन्न क्षेत्रका सरोकारवालाको उल्लेख्य सहभागिता रहेको थियो ।

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८

स्वर्गाद्वारी महिला पञ्चेबाजा समूह

हेटौंडा-१, मकवानपुर



हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

## विद्यालय सहयोगी कर्मचारी आवश्यकता

*प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/१२/२९ गते*

उपरोक्त सम्बन्धमा मनहरी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको च.नं. ८६२ मिति २०८२/१२/२६ को पदपुर्ति अनुमति पत्र तथा वि.व्य.स. को मिति २०८२/१२/२७ को बैठक निणर्य अनुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी कर्मचारी पदपुर्तिको लागि यो सूचना प्रकाशन गरिएको छ । सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र इच्छुक नेपाली नागरीकहरुबाट तपशिलका कागजातहरु सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या |
|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | विद्यालय सहयोगी कर्मचारी | १ (एक) |


२. शैक्षिक योग्यता : न्युनतम कक्षा ८ उत्तिर्ण गरेको हुनुपर्ने ।
३. उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यकताअनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।
५. तलव भत्ता : नेपाल सरकारबाट तोकिए बमोजिम हुनेछ ।
६. दरखास्त दस्तुर रु.८०० (आठ सय मात्र) पछि फिर्ता नहुने ।
७. दरखास्त दिने अन्तिम मिति : २०८३/०१/१३ गते दिनको ४:०० बजे भित्र । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट सम्म दरखास्त दिन सकिनेछ ।
८. दरखास्त दिने स्थान: सम्बन्धित विद्यालय वा मनहरी गाउँपालिका शिक्षा शाखा, लामिटार ।
९. सम्पर्क मिति : २०८३/ ०१ / १४ गते दिनको ४:०० बजे भित्र ।
१०. परीक्षा मिति सम्पर्क मितिको दिनमा तोकिनेछ ।
११. आवश्यक कागजातहरु :
क) हस्तलिखित निवेदन १ प्रति (उम्मेदवारको हस्ताक्षर र सम्पर्क नं. अनिवार्य हुनुपर्ने ) ।
ख) शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
घ) सबै कागजातहरुको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।

**नोट :-** म्याद नाघि आएको वा तोकिएको कागजातहरु नपुग भएको निवेदनमाथि कुनै कारवाहि हुने छैन् ।

**सम्पर्कको लागि :**
प्रधानाध्यापक-९८४५०७१९१२, वि.व्य.स. अध्यक्ष-९८४५४६१८५०

**श्री युवा वर्ष गंगा आधारभूत विद्यालय**
मनहरी-९, रजैया, मकवानपुर

आकर्षक घडेरी बिक्रीमा




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना